# स्वास्थ्यकर (धुम्रपान तथा मदिरा दस्तुर) कोष नियमावली, २०५१

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५१।१२।१३

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "स्वास्थ्यकर (धुम्रपान तथा मदिरा दस्तुर) कोष नियमावली, २०५१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "कोष" भन्नाले नियम ३ बमोजिम स्थापना भएको स्वास्थ्यकर (धुम्रपान तथा मदिरा दस्तुर) कोष सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले नियम ७ बमोजिम गठन भएको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

३. **कोषको स्थापना** : (१) स्वास्थ्यकर (धुम्रपान तथा मदिरा दस्तुर) कोष नामको एक कोषको स्थापना गरिएको छ ।

(२) कोषलाई आवर्ति कोष (रिवल्विङ फण्ड) को रुपमा सञ्चालन गरिनेछ ।

४. **कोषमा रहने रकम** : कोषमा देहायका रकमहरु रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) नियम ५ बमोजिम प्राप्त हुने रकम,

(ग) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

५. **कोषमा रकम जम्मा गर्ने** : (१) सालबसाली आर्थिक ऐनद्वारा लगाइने धुम्रपान तथा मदिरा दस्तुरबाट उठेको रकम कोषमा जम्मा गरिनेछ ।

(२) उपनियम (१) बमोजिम कोषमा रकम जम्मा गर्ने जिम्मेवारी त्यस्तो कर उठाउने कार्यालयको हुनेछ ।

नेपाल कानून आयोग

(३) उपनियम (१) र (२) बमोजिम कोषमा रकम जम्मा गर्ने सम्बन्धी अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

६. **कोषको प्रयोग** : कोषको रकम वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको स्थापना, सञ्चालन, क्यान्सर रोगको रोकथाम, निदान उपचार र निवारण गर्ने कार्य तथा क्षयरोग तथा यस्तै अन्य रोगको रोकथाम सम्बन्धी कार्य वा कार्यक्रम सञ्चालन गर्नको लागि खर्च गरिनेछ ।

७. **कोष सञ्चालक समिति** : (१) नियम ६ बमोजिमको कार्य वा कार्यक्रमको छनौट गरी सो को लागि आवश्यक रकम विनियोजन गर्न तथा त्यस्ता कार्य वा कार्यक्रमको अनुगमन गर्न देहाय बमोजिमको अध्यक्ष तथा सदस्य भएको एक कोष सञ्चालक समिति गठन हुनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव, स्वास्थ्य मन्त्रालय | अध्यक्ष |
| (ख) | अध्यक्ष वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल व्यवस्था समिति | सदस्य |
| (ग) | सहसचिव, अर्थ मन्त्रालय बजेट महाशाखा | सदस्य |
| (घ) | महानिर्देशक, अन्तःशुल्क विभाग | सदस्य |
| (ङ) | महानिर्देशक, स्वास्थ्य सेवा विभाग | सदस्य |
| (च) | स्वास्थ्य क्षेत्रमा काम गरेको समाज सेवी मध्येबाट नेपाल सरकारले मनोनयन गरेको एकजना | सदस्य |
| (छ) | सदस्य-सचिव, वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल व्यवस्था समिति | सदस्य-सचिव |

(२) समितिले आफ्नो कार्य व्यवस्था आफै व्यवस्थित गर्न सक्नेछ ।

(३) समितिको अध्यक्ष तथा सदस्यहरुको बैठक भत्ता अर्थ मन्त्रालयको स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ ।

८. **कोषको व्यवस्था र सञ्चालन** : (१) कोषमा जम्मा हुने रकम समितिले तोकेको बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(२) कोषको खाताको सञ्चालन समितिले तोके बमोजिम हुनेछ ।

९. **परामर्श लिन सक्ने** : समितिले यस नियमावली बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रमा उपयुक्त सम्झेको व्यक्ति तथा निकायसँग परामर्श लिन सक्नेछ ।

१०. **लेखापरीक्षण** : कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

११. **सहयोग गर्नु पर्ने** : समितिको कार्य सम्पादनको सिलसिलामा सम्बन्धित सबै सरकारी कार्यालयले समितिलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

१२. **नेपाल सरकारसँग सम्पर्क** : समितिले नेपाल सरकारसँग सम्पर्क राख्नु पर्दा स्वास्थ्य मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१३. **अधिकार प्रत्यायोजन** : समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार समितिले अध्यक्ष, सदस्य, सदस्यहरुको उपसमिति गठन गरी त्यस्तो उपसमिति वा अन्य अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

नेपाल कानून आयोग